का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ असार २०८१,
शुक्रबार
12 July 2024,
Friday


मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १५० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# सत्ताबाट बाहिरिँदै प्रचण्ड

## ९ वर्षपछि सहकार्यमा कांग्रेस-एमाले

नेपाली कांग्रेस र नेकपा एमाले सत्तासहकार्य गरेर अघि बढ्ने भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रतिनिधि सभामा विश्वासको मत लिन लागेका हुन् । प्रधानमन्त्रीले विश्वासको मत नपाएसँगै संसदमा दुई ठूला दलको सहकार्यले औपचारिकता पाउने बाटो खुल्नेछ ।

> प्रतिनिधि सभाबाट विश्वासको मत लिने बेला जे परिणाम आउँछ, त्यसलाई सामना गरेर अघि जाने कुरा हुन्छ ।
>
> **प्रचण्ड**
> **प्रधानमन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ असार ।

१० पुस २०७९ मा प्रधानमन्त्री भएका पुष्पकमल दाहाल प्रचण्डले पाचौं पटक विश्वासको मत लिँदैछन् । पछिल्लो समय नेपाली कांग्रेस र नेकपा एमालेले नयाँ सरकार बनाउने सहितको समझदारी गरेपछि प्रचण्ड नेतृत्वको सरकार अल्पमतमा परेको हो ।

असार १७ गते मध्यराती कांग्रेस सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच नयाँ सत्ता समीकरण बनाउने र आलोपालो प्रधानमन्त्री हुने समझदारी भएको थियो । यो समझदारी भएलगत्तै दुवै दलले प्रचण्डको राजीनामा मागेका थिए । प्रचण्डले राजीनामा नदिएपछि एमालेले असार १९ गते सरकारलाई दिएको समर्थन फिर्ता लियो । त्यसपछि प्रचण्डले पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# कोरियन एयरलाइन्सको एकाधिकार तोडियो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ असार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रोजगार अनुमति प्रणाली (ईपीएस) मार्फत दक्षिण कोरिया जाने नेपाली श्रमिकको हवाई टिकटका लागि बोलपत्र आह्वान गरेको छ । विगत केही वर्षदेखि कोरियन एयरलाइन्सले मात्रै ईपीएसमार्फत कोरिया जाने श्रमिकलाई लैजाँदै आएको छ।

मन्त्रालयअन्तर्गतको ईपीएस कोरिया शाखाले बिहीबार काठमाडौंदेखि कोरियाको सिओलसम्मको हवाई उडानका लागि बोलपत्र आह्वान गरेको हो । एचआरडी कोरियाबाट उडान तालिकाका लागि नामावली प्राप्त भएका व्यक्तिहरुलाई सम्झौताको दरमा नबढ्ने गरी खानासहितको हवाई टिकट उपलब्ध गराउनुपर्ने प्रावधान छ ।

कोरियन एयरलाइन्ससँगको सम्झौता सकिन लागेपछि ईपीएस शाखाले नयाँ बोलपत्र आह्वान गरेको हो । शाखाले आगामी एक वर्षसम्मका लागि काठमाडौं-सिओलसम्म ईपीएस कामदार लैजान बोलपत्र आह्वान गरेको हो । विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरेको शाखाले ३१ दिने सूचना सार्वजनिक गरेको छ । शाखाले बोलपत्रदाता कम्पनीसँग ३ करोड ८५ रुपैयाँको धरौटी रकम माग गरेको छ। बोलपत्रमा सिधा उडानको हवाई भाडादर र ट्रान्जिट उडानको भाडादर बराबर हुन आएमा सिधा उडानलाई प्राथमिकता दिइने उल्लेख छ ।

कोरोना महामारीभन्दा पहिला ईपीएसमार्फत कोरिया जाने नेपाली कामदार ट्रान्जिट भएर पनि कोरिया जान पाउने व्यवस्था थियो । ट्रान्जिट भएर कोरिया जाँदा हवाई टिकटको मूल्य सस्तो थियो । तत्कालीन अवस्थामा भाडादर ५ सय देखि ६ सय ६५ अमेरिकी डलर हवाई भाडा थियो। तर कोभिडको अवधिमा शुरूवातमा नेपालले र पछि कोरिया सरकारले विभिन्न शर्त राखेपछि नेपाली कामदार रोकिए । पछि कोरियाले नेपाली कामदार ट्रान्जिट नलिइ सिधा उडानमा आउनुपर्ने शर्त राखेपछि महँगो भएपनि नेपालबाट कोरियन एयरलाइन्समार्फत सिधा उडान भर्नुको विकल्प थिएन । जुन प्रक्रिया हालसम्म पनि चलिरहेको छ। कोरियन एयरलाइन्सले प्रतिव्यक्ति ८ सय ९५ डलर भाडा असुल्दै आएको छ ।

कोरियन एयरलाइन्स एकाधिकार तोड्दै श्रमिकलाई सहज र सस्तो सेवा दिन नयाँ बोलपत्र आह्वान गरिएको मन्त्रालयले बताएको छ । मन्त्रालयले आह्वान गरेको बोलपत्रअनुसार कम मूल्य प्रस्ताव गर्ने एयरलाइन्सले सिधा वा ट्रान्जिट उडानबाट नेपाली लैजाने पाउने छन्। यसले कामदारको हवाई भाडा कम हुने अपेक्षा गरिएको छ ।

# अर्थमन्त्रीसँग चार दलको टकराव

बजेट आश्रित विधेयक संशोधन गर्ने नेकपा एमाले र नेपाली कांग्रेससहित चार दलको प्रयासका कारण राष्ट्रिय सभामा अर्थमन्त्री वर्षमान पुनसँग टकराव भएको छ ।



**शिव विक/मध्यान्ह**
काठमाडौं, २७ असार ।

राष्ट्रिय सभामा अर्थमन्त्री वर्षमान पुनसँग नेकपा एमाले र नेपाली कांग्रेससहित चार दलको टकराव भएको छ ।

बजेट आश्रित विधेयक संशोधन गर्ने एमाले र कांग्रेससहित चार दलको प्रयासका कारण टकराव हुन पुगेको हो ।

बिहीबार राष्ट्रिय सभाबाट बजेट आश्रित विधेयकमा राखेको संशोधन बहुमतका आधारमा पारित गर्ने विपक्षी दलहरुको तयारी थियो । विपक्षी दलहरुको संशोधन प्रस्ताव पारित भएको खण्डमा सरकार अल्पमतमा परेको सन्देश जान्थ्यो । त्यसपछि प्रधानमन्त्रीले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने दबाब पर्दथ्यो ।

यो बुझ्रैरै अर्थमन्त्री वर्षमान पुनले विपक्षीहरुले राखेको संशोधन प्रस्ताव स्वीकार नगर्ने अडान लिए । अर्थमन्त्री नै पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com



# सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य नगरिने

**काठमाडौं/मस–**सरकारले सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय स्थगित गर्ने भएको छ । सिंहदरबारमा बिहीबार भएको मन्त्रिपरिषद्को बैठकले प्राकृतिक विपत्का कारण राष्ट्रिय परिचयपत्र बनाउन असहज भएकाले तत्कालका लागि राष्ट्रिय परिचयपत्र लागू नगर्नेगरी पहल गर्न गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको हो ।

बैठकको निर्णयबारे सञ्चारकर्मीलाई जानकारी दिँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारले मुलुकमा विभिन्न स्थानमा वर्षा, बाढी र पहिराका कारण सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने नागरिकलाई राष्ट्रिय परिचयपत्र बनाउन असहज परिस्थिति सिर्जना भएकाले तत्कालका लागि राष्ट्रिय परिचयपत्र लागू नगर्ने निर्णय भएको बताइन् ।



‘सामाजिक सुरक्षासम्बन्धी सेवा प्रदान गर्न राष्ट्रिय परिचयपत्र लागू गर्ने निर्णय भएकामा मुलुकमा विभिन्न स्थानमा वर्षा, बाढी र पहिराका कारण सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने नागरिकलाई राष्ट्रिय परिचयपत्र बनाउन असहज परिस्थिति सिर्जना भएकाले तत्कालका लागि राष्ट्रिय परिचयपत्र लागू नगर्नेगरी पहल गर्न गृहमन्त्रालयलाई निर्देशन दिने निर्णय भएको छ’, सञ्चारमन्त्री शर्माले भनिन् ।

यसअघि सरकारले राजपत्रमा एक सूचना प्रकाशित गरी सबै प्रकारका सार्वजनिक सेवा लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको थियो ।

मन्त्रिपरिषद् बैठकले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोगको कार्यावधि २०८२ असार मसान्तसम्म थप गर्ने निर्णय गरेको छ । बैठकले दुवै आयोगको म्याद थप गर्न बाधा अड्काउ फुकाउको आदेश नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय गरेको सञ्चारमन्त्री शर्माले बताइन् ।

बैठकले स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८१ र सरकारी कोषको नगद व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरेको छ ।

साथै बैठकले नेपाल सरकार र चीन सरकारबीच हस्ताक्षर हुने ‘स्ट्रेन्थनिङ द डेभलपमेन्ट कोअपरेसन इन बिल्डिङ द ट्रान्स हिमालयन मल्टि डाइमेन्सनल कनेक्टिभिटी नेटवर्क’ विषयक समझदारीपत्र स्वीकृत गरेको सञ्चारमन्त्रीले बताइन् ।

बैठकले यसअघि २०८० माघ १८ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार गठन गरिएको कार्यदलले पेस गरेको फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव प्रतिवेदन सार्वजनिक गर्ने र प्रतिवेदनले औंल्याइएका सुझाव कार्यान्वयन प्रक्रियामा लैजान कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने निर्णय गरेको छ । बैठकले आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठानको सिफारिसमा हुम्लु जातिलाई जनजातिमा सूचीकृत गर्ने निर्णयसमेत गरेको छ ।

# जुम्लाको गुठीचौरमा प्याराग्लाइडिङको परीक्षण उडान



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २७ असार

जुम्लाको गुठीचौर गाउँपालिकामा प्याराग्लाइडिङ परीक्षण गरिएको छ । पर्यटकीय स्थल गुठीचौरको पर्यटन प्रवर्द्धन गर्न साहसिक खेल प्याराग्लाइडिङलाई व्यावसायिकरुपमा सञ्चालन गर्ने उद्देश्यसहित परीक्षण उडान गरिएको हो ।

पोखरामा प्याराग्लाडिङ गर्दै आएका बाबु एडभेन्चर ग्रुपका सानुबाबु सुनुवारको टिमले गुठीचौरमा परीक्षण उडान गरेको गुठीचौर गाउँपालिकाका अध्यक्ष दानबहादुर बुढाले जानकारी दिए । उनले गुठीचौरलाई पर्यटकीय स्थलको रुपमा विकास गरी यहाँको अर्थिक समृद्धि गर्ने उद्देश्य रहेको बताए ।

उनले गुठीचौर गाउँपालिकाले पहिलो चरणमा खुला सूचना जारी गरी प्याराग्लाडिङ उडानसम्बन्धी तालिम दिने बताए । उनले पहिलो प्रथामिकतामा राखेर प्याराग्लाइडिङसम्बन्धी कानूनी प्रक्रिया पनि पूरा गरिने बताए ।

‘परीक्षण उडान सफल भएको छ,’ अध्यक्ष बुढाले भने, ‘ अब प्याराग्लाइडिङ पाइलट व्यवस्थापन गरेर गाउँपालिकाले आगामी दिनमा नियमित उडान गर्ने छ ।’ उनले गुठीचौर गाउँपालिकाले एक नयाँ कामको शुरुवात गरेकाले यसलाई सफल पार्न सबैको सहयोग आवश्यक रहेको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज गिरीले पर्यटन प्रवर्द्धनका लागि गाउँपालिकाले गुरुयोजना बनाएर कार्यान्वयन गर्ने बताए । उनले भने, ‘यो गुठीचौरका लागि आर्थिक समृद्धि गर्ने बाटोको रुपमा रहेको छ । नियमित प्याराग्लाइडिङ उडान गर्न यहाँका युवालाई यससम्बन्धी विशेष तालिमको व्यवस्था गरिने छ ।’

जुम्लाका प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले प्रकृति र संस्कृति जुम्लाको आर्थिक समृद्धिको मेरुदण्ड भएको बताए । उनले देशका डाँडापाखामा राज्यले लगानी गरी पर्यटन प्रवर्द्धन गर्न आवश्यक रहेको बताए ।

बाबु एडभेन्चर ग्रुपका मोहन सुनावार, सानुबाबु सुनुवारले यसअघि आठ वटा देशमा प्याराग्लाइडिङ उडान गरिसकेका छन् । जुम्लाको गुठीचौर जस्तो स्वर्गभूमिमा आएर प्याराग्लाइडिङ गर्नाले थप हौसला बढाएको उनीहरुको भनाइ छ ।

नेपाल पत्रकार महासंघ जुम्लाका अध्यक्ष नेत्रबहादुर शाहीले गुठीचौरमा प्याराग्लाइडिङ हुँदा पालिकाका लागि मात्र नभइ सबैका लागि महत्वपूर्ण काम भएको बताए । उनले यहाँको पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्नका लागि सकरात्मकरुपमा कलम चलाउन जुम्लाका सबै पत्रकारलाई अनुरोध गरे ।

परीक्षण उडानमा गुठीचौर गाउँपालिकाका अध्यक्ष दान बहादुर बुढा, प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज गिरी, प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरे, स्थानीय टेकबहादुर भण्डारी, पत्रकार प्रकाश उपाध्याय, पालिकाका कर्मचारी प्रेमबहादुर शाही, धर्मराज धिताल, र हरिचन्द्र बुढा सहभागी भएका थिए ।

सुरक्षित उडानका लागि प्याराग्लाइडिङ उपकरणका सम्पूर्ण जाँच, स्वास्थ्य मापदण्डलगायतका विषयमा प्यारा पाइलट र व्यवसाय सञ्चालकलाई सचेतनाका कार्यक्रम सञ्चालन गरिने गुठीचौर गाउँपालिकाले जनाएको छ ।

# लुम्बिनी प्रदेश सरकारले अन्तिम समयमा भुक्तानी रोकेपछि व्यवसायी आक्रोशित

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २७ असार

लुम्बिनी प्रदेश सरकारले १२ जिल्लामा काम सम्पन्न भएका योजनाहरुको भुक्तानी गर्न नसक्दा व्यवसायी तथा सरोकारवालाहरु ठूलो मर्कामा परेका छन् ।

असार मसान्त अगाडि काम सकेका व्यवसायी, उपभोक्ताले अन्तिम समयमा आएर ठूला योजनाको भुक्तानी सरकारले नदिएपछि ठूलो समस्यामा परेको युवा निर्माण व्यवसायी राजनारायण बिडारीले बताए ।

चालु आर्थिक वर्षको काम सम्पन्न भएको र त्यो पैसा भुक्तानी गर्न नसकेपछि प्रदेश सरकारलाई आगामी वर्ष कम्तिमा दुई अर्ब भुक्तानी दायित्व थपिएको लुम्बिनी प्रदेश अर्थ मन्त्रालयका सचिव राम बहादुर केसीले बताए । संघीय सरकारले वित्तीय समानीकरणको अनुदान प्रदेशमा नपठाएको कारण प्रदेशको आन्तरिक राजस्व लक्ष्यअनुसार संकलन हुन नसकेपछि सरकारको सञ्चित कोष रित्तिएकोले काम सम्पन्न भएका योजनाको भुक्तानी दिन नसकिएको सचिव केसीले दावी गरे ।



केसीले मध्यान्हसँग कुरा गर्दै भने, ‘अहिले संघीय सरकारले अनुदानको पैसा पठाएन त्यसैले समस्या भएको हो । साउनको पहिलो हप्तादेखि भदौसम्म सबै भुक्तानी गर्ने गरी रकम जान्छ । केही समय समस्या भएपनि छिट्टै निकास खोज्छौं ।’

लुम्बिनी प्रदेश सरकार पटक-पटक परिवर्तन हुँदा पनि राजश्व असुलीमा कमी आएको हो । सरकार परिवर्तन हुँदा धेरै काममा असर पर्ने गर्छ । त्यसले पनि रकम कम उठेको सरोकारवालहरु बताउँछन् ।

लुम्बिनी प्रदेश सरकारका निवर्मान अर्थमन्त्री चेतनारायण आचार्यले चालु आर्थिक वर्षका लागि ४० अर्ब ४७ करोड रुपैयाँ बराबरको बजेट ल्याएका थिए ।

वित्तीय समानीकरण अनुदानतर्फ छुट्याएको ८ अर्ब १४ करोड ८३ लाखमध्ये संघीय सरकारले लुम्बिनी प्रदेश सरकारलाई जम्मा ६ अर्ब ३ करोड ८७ लाख रुपैयाँ मात्रै उपलब्ध गराएको छ । २ अर्ब ५ करोड रुपैयाँ संघीय सरकारले प्रदेश सरकारलाई नदिएपछि सरकारले योजना सम्झौता भएको काम सम्पन्न भएको भुक्तानी गर्न नसकेको काम चलाउ सरकारका मुख्यमन्त्री जोखबहादुर महराले बताए । संघीय सरकारले दुई अर्ब भन्दा धेरै रकम लुम्बिनी प्रदेश सरकारलाई कम दिएको छ । प्रदेश सरकारले लक्ष्यअनुसारको आन्तरिक राजस्व संकलन गर्न नसकेपछि प्रदेश सञ्चित कोषमा रकम सकिएको उनको भनाइ छ । अहिले सरकारको सञ्चित कोषमा रकम शून्य छ । लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि आन्तरिक राजस्वतर्फ ४ अर्ब ७४ करोड ५२ लाख संकलन गर्ने लक्ष्य राखेको थियो, तर त्यो राजश्व उठ्न नसकेको हो ।

लुम्बिनी सरकारले चालु वर्षका लागि आन्तरिक आयतर्फ सबैभन्दा बढी राजस्व वन क्षेत्रबाट १ अर्ब ८० करोड संकलन गर्ने लक्ष्य राखेकामा प्रदेश सरकारले राखेको लक्ष्य निष्कर्षमा पुग्न नसकेको हो ।

लुम्बिनी प्रदेश सरकारले काम सम्पन्न भएका योजनाहरुको रकम भुक्तानी गर्न नसक्दा सबैभन्दा धेरै प्रभाव पर्यटन डिभिजन कार्यालय भैरहवालाई परेको डिभिजन प्रमुख उपसचिव गीता आचार्यले बताइन् । उनले भनिन्,‘ योजनाको टेण्डर गरियो, काम पनि सम्पन्न भयो । अहिले भुक्तानी दिने बेला ७ करोड बाँकी छ । निर्माण व्यवसायीहरु भुक्तानी माग्न आउँछन् । दिन नसकेको कारण समस्या उत्पन्न भएको छ ।’

प्रदेश मातहत रहेका डिभिजन वन कार्यालयहरु, सिँचाइ डिभिजन कार्यालय, घरेलु कार्यालयहरुले काम सम्पन्न भएका योजनाहरुको भुक्तानी पाउन सकेका छैनन् ।

# माधवनारायणका दुई घरमा चोरी



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २७ असार

रौतहट माधवनारायण नगरपालिका वडा नम्बर ९ का दुई घरमा चोरी भएको छ । स्थानीय राम बहादुर दास र राजदेव दासको घरमा बुधबार राति चोरी भएको हो । उनीहरुको घरबाट ३ लाख रुपैयाँ बराबरको धनमाल चोरी भएको प्रहरीले जनाएको छ ।

ईलाका प्रहरी कार्यालय पिपरा रजबाडाको प्रमुख रामजी तिवारीले चोरीको घटनाबारे जानकारी पाउनसाथ घटनास्थल पुगेको र थप अनुसन्धान अगाडि बढाइएको बताए ।

बुधबार राति छिमेकीको घरमा विवाहमा गएको मौका छोपी भएको रामबहादुर दासले बताए । चोरहरुले नगद, गरगहना,कपडा, भाडाकुँडा लगायतका सामान लगेको राजदेव दासले बताए ।

## सत्ताबाट...

विश्वासको मत लिन लागेका हुन् ।

प्रधानमन्त्री प्रचण्डले बिहीबार बसेको मन्त्रिपरिषद् बैठकमा आफूले प्रतिनिधिसभा बैठकमा शुक्रबार विश्वासको मत लिने औपचारिक रुपमा जानकारी दिए ।

माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेकपा एकीकृत समाजवादीका मन्त्रीहरुलाई उनले शुक्रबार संसद्मा संवैधानिक प्रावधान अनुसार ‘फ्लोर टेस्ट’ गर्न लागेको उल्लेख गर्दै हालसम्म सरकारमा रहेका दलहरुले एकजुट हुनुपर्ने बताए ।

‘संसद्मा जे परिणाम आए पनि सामना गरिन्छ’ मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री प्चण्डले भने ।

‘भोलि शुक्रबार मैले संसद्मा विश्वासको मत लिने कार्यक्रम छ । सरकारमा भएका दलहरु एकजुट भएर सामना गर्नुपर्ने हुन्छ,’ दाहालको भनाइ उद्धृत गर्दै सरकार प्रवक्ता रेखा शर्माले भनिन्, ‘संविधानको व्यवस्था अनुसार प्रधानमन्त्रीज्यूले विश्वासको मत लिन खोज्नु भएको हो ।’

प्रधानमन्त्री प्रचण्डले संसद्बाट आउने परिणामका आधारमा अघि बढ्ने बताए । ‘प्रतिनिधिसभाबाट विश्वासको मत लिने बेला जे परिणाम आउँछ, त्यसलाई सामना गरेर अघि जाने कुरा हुन्छ,’ प्रचण्डले भनेका छन् ।

प्रचण्डले विश्वासको मत लिन लिनुको पछाडि सरकारमा निर्माणमा संविधानको धारा ७६ को उपधारा ३ मा लग्ने दाउ रहेको कांग्रेस एमालेका नेताहरुले आरोप छ ।

प्रधानमन्त्री प्रचण्डले बिहीबार माओवादी संसदीय दलका बैठकमा धारा ७६ को उपधारा २ कि ३ मा जाने भन्ने विषय राष्ट्रपति रामचन्द्र पौडेलको विवेकमा भर पर्ने बताएका थिए । धारा ७६ को उपधारा ३ मा ठूलो दलको हैसियतले सरकारको दावी गर्ने प्रावधान छ ।

२०७९ को आम निर्वाचनपछि तीन गठबन्धनको प्रधानमन्त्री भएका दाहालले डेढ वर्ष सरकारको नेतृत्व गर्ने मौका पाए ।

निर्वाचन परिणाम आएपछि चुनावमा कांग्रेससँग गठबन्धन त्यसपछि एमाले, राष्ट्रपति कसलाई बनाउने सम्बन्धमा कुरा नमिलेपछि फेरि कांग्रेस, सरकार संचालनमा कांग्रेससँग विवाद भएपछि गत फागुनमा एमालेसँग सत्ता समीकरण बनाएका थिए । असार १७ मा कांग्रेस र एमालेबीच नयाँ गठबन्धन बनेपछि प्रचण्ड सरकार अल्पमतमा परेको हो ।

## अर्थमन्त्रीसँग...

अनुपस्थित हुने भएपछि बिहीबार दिउँसो १ बजेर १५ मिनेका लागि बोलाइएको राष्ट्रिय सभाको बैठक बस्दै नबसी स्थगित भएको छ । अर्को बैठक यही असार ३० गतेका लागि बोलाइएको छ ।

भोलि अर्थात, असार २८ गते प्रधानमन्त्री प्चण्डले प्रतिनिधि सभामा विश्वासको मत लिँदैछन् । नेपाली कांग्रेस र नेकपा एमालेले प्रचण्ड नेतृत्वको सरकारको विकल्पमा नयाँ सरकार बनाउने निर्णय लिइसकेका छन् । यसकारण प्रधानमन्त्री प्रचण्डले विश्वासको मत नपाउने स्थिति छ ।

प्रतिनिधि सभाबाट विश्वासको मत लिनु अगाडि नै प्रधानमन्त्री प्रचण्डमाथि राजीनामा दिनुपर्ने अवस्थाका लागि कांग्रेस र एमाले दुवै दलले गरेको प्रयास बैठक ने नबसेपछि असफल हुन पुगेको हो ।

असार १६ गते प्रतिनिधि सभाबाट बजेट आश्रित विधेयकहरु आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र भन्सार महसुल विधेयक पारित भएको थियो ।

प्रतिनिधि सभाबाट पारित भएका यी तीन वटा विधेयकमध्ये आर्थिक विधेयकको एउटा दफामा एमालेले राष्ट्रिय सभामा संशोधन प्रस्ताव राखेको हो ।

सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि नेकपा एमालेले राष्ट्रिय सभामा आर्थिक विधेयकमाथि संशोधन प्रस्ताव राखेको छ ।

असार १६ गते प्रतिनिधि सभाबाट यो विधेयक पारित हुँदा एमाले सरकारमै थियो । असार १७ गते कांग्रेससँग मिलेर नयाँ सरकार बनाउने सहमति भएसँगै एमालेले बजेट आश्रित विधेयकमा राष्ट्रिय सभामा संशोधन प्रस्ताव राखेको हो ।

राष्ट्रिय सभामा एमालेका तर्फबाट सांसद भगवती न्यौपानले आर्थिक विधेयक २०८१ मार्फत आयकर ऐनमा गर्न खोजिएको संशोधन हटाउनुपर्ने भन्दै संशोधन दर्ता गरेकी छन् ।

प्रचलित ऐनको दफा ५७ (१) मा कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले वहन गरेको दायित्व निसर्ग गरेको मानिने उल्लेख छ ।

यो प्रावधानमा प्रतिबन्धात्मक वाक्यांश थपेर ‘तर साबिकका शेयरवाला तथा साझेदारको शेयर संख्या र पुँजी यथावत रही नयाँ शेयरवाला तथा साझेदार थप भई पुँजी वृद्धि भएको अवस्थामा यो उपदफाको व्यवस्था लागू हुने छैन ।’ भन्ने प्रावधान राख्ने सरकारको प्रस्ताव छ ।

सत्तासमीकरण हुँदा एमाले समेतको मतको आधारमा प्रतिनिधि सभाले पास गरेको विधेयकमा राष्ट्रिय सभामा पुगेपछि एमालेले संशोधन प्रस्ताव राखेर असहयोग गर्न खोजेको सरकारको तर्क छ ।

कांगेस र एमालेका सांसदहरुले बैठक सुरु गर्न राष्ट्रिय सभाका अध्यक्ष नारायण प्रसाद दाहाललाई दबाब दिएका थिए । तर, अध्यक्ष दाहालले ‘सम्बन्धित मन्त्रीलाई जवाफ दिन सदनमा उपस्थित हुने वातावरण नभएको’ भनेर बैठक नै स्थगित गरिदिए ।

बैठक स्थगित कांग्रेस, एमाले, लोसपा र जसपा नेपालले विज्ञप्ती निकालेर अर्थमन्त्री पुनको र राष्ट्रिय सभा अध्यक्षको आलोचना गरेका छन् । अर्थमन्त्रीको सचिवालयले पनि चार दलको विज्ञप्तीको प्रतिवाद गर्दै अनावश्यक लान्छना लगाएको बताएको छ ।

# ‘प्रेस स्वतन्त्रता दुरुपयोग काउन्सिलको नियमनको दायरामा’

**काठमाडौं/मस–**
प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सामाजिक सञ्जाल प्रयोगगरी चलेका सञ्चारमाध्यमबाट हुने प्रेस स्वतन्त्रता दुरुपयोग काउन्सिलको नियमनको दायरामा पर्ने बताएका छन् ।

परम्परागत तथा न्यू मिडियाले दिने विषयवस्तु, पत्रकार/सञ्चारकर्मीको व्यवहार र पत्रकारितामा देखिएका विसंगतिका बिषयमा काउन्सिलले नियमन गर्ने उनले बताए । प्रेस काउन्सिल नेपालद्वारा आयोजित ‘ प्रेस स्वतन्त्रताको अवस्था र चुनौती’ विषयक कार्यक्रममा अध्यक्ष बस्नेतले काउन्सिलले प्रेस स्वतन्त्रताको संरक्षण गर्ने भए पनि पत्रकारले सीमामा बसेर लेख्नुपर्ने धारणा राखे । स्रोतसाधनको सीमितता हुँदाहुँदै पनि काउन्सिलले काम गरिरहेको उनको भनाइ थियो ।

काउन्सिलले प्रेस स्वतन्त्रताको संरक्षण र प्रवर्द्धनमा संविधान, कानुनले दिएको जिम्मेवारी पूरा गरिरहेको अध्यक्ष बस्नेतले बताए । मिडिया पीडितलाई न्याय दिलाउने संस्थाका रूपमा काउन्सिल रहेको र समाचार लेखेकै आधारमा अप्ठ्यारो अवस्था सिर्जना गर्न नहुने उनको धारणा छ । समाचार कक्षले पनि आन्तरिक आचारसहिंता बनाएर स्वनियमन प्रणालीको विकास गर्नुपर्ने उनको सुझाव छ ।

काउन्सिलका पूर्वकार्यवाहक अध्यक्ष सोमनाथ घिमिरेले सञ्चारमाध्यममा निर्देशित र प्रक्षेपित सूचनाको प्रवाह गर्ने र सञ्चार जगत्लाई भ्रमित पार्ने काम विगतमा पनि हुने गरेको र अहिले पनि भइरहेको बताए । पत्रकार राजनीतिक र व्यापारिकलगायत विभिन्न क्षेत्रबाट प्रभावित हुने हुँदा यस्तो प्रवृत्ति प्रेस स्वतन्त्रताको बाधक रहेको उनको भनाइ थियो ।



उनले भने, ‘पत्रकार विभिन्न ठाउँबाट प्रभावित भएर आग्रहजन्य सूचना र विचार प्रवाह गर्ने काम भइरहेको छ ।’

राष्ट्रिय मानवअधिकार आयोगका प्रवक्ता डा.टीकाराम पोखरेलले मानवअधिकार र अभिव्यक्ति स्वतन्त्रताका विषयमा राज्यको चरित्र उदार नभएको बताए । संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख भएपनि प्रेस स्वतन्त्रतालाई संकुचित पार्नेगरी कानून बनाउन सकिने व्यवस्था भएको उनले बताए । उनले भने,‘अभिव्यक्ति स्वतन्त्रता भनेको नागरिक अधिकार मात्रै नभएर विश्वव्यापी अधिकारको विषय हो ।’

नेपाल पत्रकार महासंघका सचिव पवन आचार्यले परम्परागत मिडिया लोप हुँदै गइरहेको र न्यू मिडियामा ‘गेट किपिङ’ कमजोर रहेको उल्लेख गरे । डिजिटल मिडिया साक्षरताका लागि काम गर्नुपर्ने आवश्यकता उनले औंल्याए ।

गृह मन्त्रालयका सूचना अधिकारी एकदेव अधिकारीले प्रेस स्वतन्त्रता देशका लागि अवसर भएको र यसलाई कुनै बहानामा सङ्कुचन गर्न नहुने बताए । नेपाल प्रहरीका प्रवक्ता दानबहादुर कार्कीले भीडभाडका समयमा प्रहरीले तोकेको निषेधित क्षेत्रभित्र जाँदा कतिपय यस्ता घटना हुने गरेको स्वीकारे ।

नेपाली सेनाका महासेनानी खेमराज शर्माले प्रेस स्वतन्त्रताका विषयमा सरोकारवाला मिलेर अघि बढ्नुपर्ने धारणा राखे । सशस्त्र प्रहरी बलका प्रवक्ता कुमार न्यौपानेले एउटै दृश्यमा हेर्ने दृष्टिकोण फरकफरक हुने भए पनि संवेदनशील विषयमा सबैको आँखा एउटै हुन जरुरी रहेको बताए ।

कार्यक्रममा प्रेससेन्टर नेपालका महासचिव सन्तोष पौडेल, समाजवादी प्रेस सङ्गठनका अध्यक्ष विश्वमणि सुवेदी, प्रेस मञ्च नेपालका कार्यवाहक अध्यक्ष मनोजकुमार यादव, श्रमजीवी पत्रकार सङ्घका अध्यक्ष जन्मदेव जैसी, फ्रिडम फोरमका अध्यक्ष हरि विनोद अधिकारी, सञ्चारिका समूहका अध्यक्ष विमला तुम्खेवा, मिडिया एक्सन नेपालका अध्यक्ष लक्ष्मणदत्त पन्त, नेपाल आदिवासी जनजाति पत्रकार महासंघका महासचिव समीर बलामीलगायतले प्रेस स्वतन्त्रता संरक्षणमा राज्य जिम्मेवार भएर लाग्नुपर्ने धारणा राखेका थिए ।

**मोटरसाईकल हरायो**

मिति २०८१/०३/०५ गते का.म.न.पा.-११, त्रिपुरेश्वर, उद्योग विभागमा पार्किङ गरि राखेको अवस्थामा बा.प्र. ०१–०४३ प ७६७१ नम्बरको 150 cc पल्सर कम्पनीको कालो/निलो रङको मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी : चिरन कार्की**
**ईन्जिन नं.** : DHXPPA 87155
**च्यासिस नं.** : MD2A11CX1PPA 26086
**सम्पर्क नं.** : **९८६१६१२५५६**

# तिलौराकोटलाई विश्व सम्पदामा सूचीकृत गर्न इकोमसको टोलीले अनुगमन गर्दै

**क्षितिज किरण/मध्यान्ह**
कपिलवस्तु, २७ असार



सरकारले विश्व सम्पदामा सूचीकृत गर्न प्रस्ताव गरेको शाक्य गणराज्यको राजधानी प्राचीन कपिलवस्तु (तिलौराकोट)को अनुगमन मूल्यांकनका लागि अन्तर्राष्ट्रिय मिसन टोली नेपाल आउने भएको छ। आगामी अगस्ट अन्तिममा इन्टरनेशनल काउन्सिल अन मोनुमेन्ट्स एन्ड साइट्स 'इकोमस'को विज्ञ टोली तिलौराकोट आउने भएको हो। मिसनले अगस्ट २६ देखि सेप्टेम्बर १ सम्म यहाँको अनुगमन मूल्यांकन गर्ने प्रस्ताव गरेको छ।

मिसनले आफ्नो प्रतिवेदन संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)को विश्व सम्पदा केन्द्रमा बुझाएपछि त्यसमाथि विस्तृत छलफल हुनेछ। शुरुमा विश्व सम्पदा केन्द्रको सल्लाहकार समूहले प्रतिवेदनमाथि छलफल गरेर के गर्ने भन्ने निर्णय गर्न सिफारिस गर्नेछ। त्यसैका आधारमा विश्व सम्पदा समितिले छलफल गरेर राय सुझावसहित समितिको सन् २०२५ मा हुने ४७औं सेसनमा निर्णयार्थ पेस गर्ने तिलौराकोटको नोमिनेसन डोसियर (मनोनयन दस्ताबेज) तयारी समिति संयोजक तथा लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानीन राईले बताए।

यही जुलाई २१ देखि ३१ सम्म भारतमा हुने विश्व सम्पदा समितिको ४६औं सेसनले अर्को वर्षको बैठकबारे स्थान र मिति तय गर्ने कार्यक्रम छ। युनेस्कोको मुख्य प्राविधिक सल्लाहकार इकोमसले फ्रान्सका लागि नेपाली राजदूत तथा युनेस्कोका लागि नेपालका स्थायी प्रतिनिधि सुधीर भट्टराईलाई पत्राचार गरेर मिसन आउनेबारे जानकारी दिएको हो।

मिसन आउनुअघि नै तिलौराकोटलाई सजाएर 'प्रिजेन्टेबल' बनाउन लागिपरेको कोषका सदस्य-सचिव सानुराजा शाक्यले बताए। 'तिलौराकोटमा रहेको कोषको सम्पर्क कार्यालय भवन भत्काउन टेन्डर गरिएको छ,' उनले भने, 'तिलौराकोटदेखि पश्चिम रहेको शिवगढ गाउँका ३७ घर हटाउन असारसम्मको म्याद दिइएको छ।' बाँकी १३ घरलाई पनि मुआब्जा लिन आउन सूचना जारी गरिएको उनले बताए।

# राजदूत ढकाललाई सम्मानसहित बिदाइ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २७ असार



नेपाल व्यवसायी संघ कतार एलएलसी (जी)ले आफ्ना संरक्षक तथा कतारका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकाललाई सम्मानसहित बिदाइ गरेको छ। बुधबार साँझ रेडीसन ब्लु होटेलमा एक कार्यक्रमको आयोजना गरेर संघले राजदूत ढकाललाई सम्मान पत्र र मायाको चिनोले सम्मान गर्दै बिदाइ गरेको हो।

२०७९ असार २२ मा कतारका लागि नेपाली राजदूत भएर आएका ढकाल नेपाल सरकारले गत जेठ २४ गते भारत र अमेरिकालगायत ११ मुलुकका राजदूतलाई कार्यकाल पूरा नहुँदै फिर्ता बोलाउने निर्णय गरेअनुरूप उनी आउँदो सोमबार स्वदेश फिर्ता हुँदैछन्। कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका ढकालले संघसँग मिलेर ऐतिहासिक कार्यसम्पादन गरिएको स्मरण गरे। उनले कतारको अलबिदा पार्कमा सन् २०२३ बाट शुरु भएको दोहा एक्सपो सहकार्य गर्दै भव्य र सभ्यरूपमा सफल बनाइएको स्मरण गरे। ढकालले कतारका अमिरको नेपाल भ्रमणले सकारात्मक ऊर्जा दिएको बताउँदै अब आउने राजदूतले फलोअप गरेमा थुप्रै कार्यसम्पादन हुने विश्वास व्यक्त गरे।

राजदूत ढकालले करिब २ दशकदेखि श्रमिक सम्झौता पुनः अध्ययन गरी नयाँ शिराबाट नवीकरण गर्न नसकेकोमा दुःख व्यक्त गर्दै श्रम सम्झौता राजदूतको मात्र प्रयासले सफल नहुने स्पष्ट पारे। उनले खाडीबाट नेपाल पुग्दा हेरिने दृष्टिकोण अज्ञानतका कारण हुने गरेको स्मरण गर्दै खाडीका बारेमा सुनेर नभइ त्यहाँ पुगेर मूल्यांकन गर्नु भनि बुझाउन आवश्यक रहेको बताए। उनले आफ्नो फिर्ती सम्बन्धमा विधि प्रक्रिया स्वीकार्दै राजदूतको नियुक्ति पाउँदै गर्दा आफू बाहेकका पाँच वटा राजदूत जस्तै सरकार फेरिने बित्तिकै फर्कन पर्छ भन्ने स्वीकारेर राजदूतका रूपमा आएको बताए। कतारमा रहेर राजनीति गर्नेहरूप्रति लक्षित गर्दै उनले दूतावासमा जनशक्ति कम भएको र आकस्मिक कोष नभएको हुँदा आफ्नो पार्टीले सरकारको नेतृत्व गरिरहेको छ भने कर्मचारी र कोष निर्माणका लागि राजनीति गरिदिन आग्रह गरे।

राजदूत सरकार फेरिएसँगै फिर्ता जानुपर्ने बाध्यताको अन्त्य गर्नका लागि नीतिगत सुधारको आवश्यकता रहेको बताउँदै उनले जुन देशको राजदूतले पनि पूरा कार्यकाल काम गर्न पाउने व्यवस्था गर्नुपर्ने बताए। उनले आफू जहाँ रहेपनि श्रमिकका लागि सहयोग र सबैसँग सहकार्य गर्न सदैव तत्पर रहने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा शुभकामना मन्तव्य राख्दै संघका सल्लाहकार भोज बहादुर नेपाल (सागर)ले कतारमा नेपालीले पछिल्लो ३० वर्ष गरेको मिहिनेतको फल राजदूतले नेपालमा कतारका अमिरको भ्रमण गराएर प्रदान गरेको बताए। संघका संरक्षक सदस्य बद्री प्रसाद पाण्डेले नेपाली व्यवसायीलाई हेर्ने नजर गलत स्थापित रहेकोमा पछिल्लो समय व्यवसायी बढेसँगै सकारात्मक धारमा बदलिएको बताए। उनले चार जना राजदूतलाई संघले बिदाइ गरिसकेको स्मरण गर्दै नियुक्ति लिएर आएसँगै फर्कने दिन गन्नुपर्ने गलत व्यवस्था दोषी रहेको बताए। त्यस्तै आफ्नो शुभकामना मन्तव्य राख्दै संरक्षक डा देवकाजी डंगोलले राजदूत ढकालले कतारका अमिरलाई नेपालको भ्रमण गराउने ऐतिहासिक कार्य गरेको भन्दै प्रशंसा गरेका थिए।

संघका उपाध्यक्ष राजेन्द्र कुमार शर्मा (आरके)ले स्वागत मन्तव्य राख्दै छोटो समयमै कतारबाट लिन सक्ने लाभहरू राजदूतमार्फत नेपालले लिएको बताए। संघका महासचिव शंकर न्यौपानेले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै संघका अध्यक्ष तथा कार्यक्रमका सभाध्यक्ष महेन्द्र चम्लागाईंले ढकालको कार्यकालमा नियोगसँग मिलेर धेरै राम्रा कार्य गरिएको स्मरण गरे। कार्यक्रममा नियोग परिवारसहित संघमा आबद्ध व्यवसायीहरुको उपस्थिति रहेको थियो।

यस्तै एसियन मुलुकहरूका राजदूतहरूको संस्था एसियन एम्बेस्डर ग्रुपले पनि नेपाली राजदूत ढकाललाई सम्मानसहित बिदाइ गरेको छ। ग्रुपका अध्यक्ष एवम् डीएन बहराइनका राजदूत मोहम्मद बहराइन अबूबकरको अध्यक्षतामा बुधबार साँझ नेपाली नियोगमा भेटघाट तथा बिदाइ कार्यक्रमको आयोजना गर्दै ढकाललाई बिदाइ तथा सम्मान गरिएको हो।

कार्यक्रममा अध्यक्ष अबूबकरले एसियन मुलुकका कतारस्थित २५ वटा राष्ट्रका राजदूतहरूको प्रतिनिधित्व गर्दै शुभकामनासहित उपहार प्रदान गरी ढकाललाई बिदाइ गरे। कार्यक्रममा एसियन मुलुकका अधिकांश देशका राजदूतहरूको उपस्थिति रहेको थियो। यसरी दूतावासमै पुगेर संयुक्तरूपमा राजदूतको बिदाइ गरिएको इतिहासमै पहिलो पटक हो। एसियन ग्रुपका राजदूतहरूले २ वर्षको छोटो कार्यकालमा राजदूत ढकालले नेपाल कतारको कूटनैतिक सम्बन्धमा थप आयाम हुने गरी कतारका अमिरको ऐतिहासिक नेपाल भ्रमण गराउन सफल भएकोमा बधाई दिए।

कार्यक्रममा राजदूत ढकालले भावुक हुँदै एसियन ग्रुपका राजदूतहरू दूतावासमै आएर यसरी बिदाइ गरिरहँदा आफूलाई अत्यन्तै सुखद र अविस्मरणीय पल बनेको भन्दै कृतज्ञता व्यक्त गरे। ढकालले सबै देशका राजदूतलाई नेपाल भ्रमणका लागि निमन्त्रणा गर्दै नेपालमा स्वागत गर्ने अवसर आफूलाई प्राप्त होस् भन्ने शुभेच्छा व्यक्त गरे। आफू जहाँ रहे पनि मित्रवत् सम्बन्धलाई कायम राख्ने ढकालले प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा नेपाल र इरानसँगको सम्बन्धलाई थप सुदृढीकरण गर्दै नयाँ रूप दिन राजदूत ढकालले इरानका परराष्ट्र राज्यमन्त्रीसँगको निरन्तर भेट र इरानका राजदूतसँगको संवादबाट इरानलाई हेर्ने कार्यक्षेत्र कतार अवस्थित नेपाली दूतावासबाट होस् भन्ने मनसायलाई मध्यनजर गरी नेपाल सरकार परराष्ट्र मन्त्रालयलाई सिफारिस गरी कार्य अगाडि बढाइएकोसमेत जानकारी दिए। उक्त प्रयासको प्रशंसा गर्दै इरानका राजदूतलगायत अन्य राजदूतहरूले समेत कतार वर्तमान अवस्थामा एसियन मुलुकको ट्रान्जिट हब भएकाले कतार अवस्थित नेपाली दूतावासबाट इरान हेर्ने गरी काम भए नेपाल-इरान सम्बन्ध थप प्रगाढ बन्ने विश्वास व्यक्त गरेका थिए।

# जंगली जनावरबाट बाली जोगाउन वैकल्पिक खेती गर्दै भलायडाँडाका किसान

**सुर्य भूसाल/मध्यान्ह**
अर्घाखाँची, २७ असार



खाद्य तथा नगदे बाली बाँदरले खाइदिएर सताउन थालेपछि सन्धिखर्क-२, भलायडाँडाका किसानले समुह र सहकारीमार्फत वैकल्पिक खेतिको शुरू गरेका छन्। बाँदर आतंकबाट परम्परागत बाली जोगाउन नसकेपछि किसानले यसको विकल्पमा स्थानीय डोलेश्वर बहुउद्देश्यिय सहकारीमार्फत कागती र पोखेल टोल कृषक समुहमार्फत कफि खेती गर्न थालेका हुन्। बाँदरबाट अन्नबाली जोगाउन नसकेपछि वैकल्पिक खेती गर्ने किसानको संख्या बढ्दो छ।

खाद्य तथा फलफूल उत्पादन हुने गरे पनि बाँदरबाट जोगाउन कठिन हुन थालेपछि भलायडाँडाका किसानले कृषि समुह र सहकारी मार्फत वैकल्पिक खेती गर्न थालेका हुन्।

यसअघि मकै, गहुँ, केराउ, मसुरो लगायत फलफूल लगाइने ठाउँमा किसानले अहिले कागती रोप्न सहकारीलाई जग्गा लिजमा दिएका छन् भने कृषि समुहमार्फत कफि खेती शुरु गरेका छन्। करिब ६५ रोपनी जग्गामा वार्षिक भाडा बुझाउने गरी करिब २ हजार कागतीका बिरुवा रोपेको डोलेश्वर बहुउद्देश्यिय सहकारी सन्धिखर्कका प्रबन्ध निर्देशक दिपक के.सी.ले बताए।

बाँदरले सताएपछि सन्धिखर्क-२ भलायडाँडाका किसानको बाँझै रहने अवस्थाको ६५ रोपनी खेतीयोग्य जग्गामा अहिले २ हजार कागती र करिब ५० रोपनी जमिनमा ५ हजार बढी कफिका बिरुवा लगाइएको छ। पारिलो अनि मलिलो जमिन, राम्रो खेती हुने गरेपनि उत्पादन जति बाँदरले खाइदिँदा किसानले उपभोग गर्न पाउँदैनथे। 'बाँदरले धेरै नै दुःख दिएपछि परम्परागत अन्नबालीको विकल्पमा सहकारीले व्यावसायिक कागती खेती शुरू गरेको छ,' उनले भने, 'हामीले पनि समुहमा कफि खेती थालेका छौं, स्थानीय अगुवा शिव प्रसाद पोखेलले भन्नुभयो, मकै, कोदो, गहुँ जस्ता अन्नबाली र दलहन तथा अन्य नगदेबाली बाँदरकै कारण संरक्षण गर्न सकिएन।'

कागती बारीमा पनि बाँदर नआएको होइन। तर काडा र अमिलो हुने भएपछि बाँदर कागती खान आउन छाडेको अर्का स्थानीय गोबिन्द प्रसाद पोखेलले बताए।

वनक्षेत्रमा बाँदर भुल्ने र उसले खाने चिज केही नभएको, यता बाँदर धपाउने मान्छे पनि गाउँमा प्रयाप्त नभएपछि बारीमा बाँदरबाट अन्नबाली जोगाउन कठिन पर्ने हुँदा कागती र कफि खेती शुरू गरिएको अर्का स्थानीय कृषक आश्रित चुंदालीले बताए। यसरी व्यवसायिक खेती गर्ने र उत्पादनमा जोडिने सहकारी, समुह र किसानलाई हर किसिमको सहयोग गर्ने सन्धिखर्क नगरपालिका कृषिशाखा प्रमुख राजेन्द्र भट्टराईले प्रतिबद्धता जनाए।

कागति खेतीको लागि आवस्यक कृषि औजार सहकारीलाई हस्तान्तरण गर्न आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो वचन दिएका छन्।

कृषि, उद्योग र व्यापारमार्फत आर्थिक समृद्धि हासिल गर्न सकिने भन्दै यी क्षेत्रका उत्पादनमा जोडिने सहकारीलाई आर्थिक, भौतिक र प्राविधिक सहयोग गर्ने कृषि शाखा प्रमुख भट्टराईको भनाइ छ। राज्यले गर्नुपर्ने काम सहकारीले गर्ने गरेको भन्दै सबैको सकारात्मक सहयोग भएमा उत्पादन र रोजगार क्षेत्रमा आफुहरुले अग्रणी भूमिका खेल्न सक्ने डोलेश्वर बहुउद्देश्यिय सहकारीका अध्यक्ष मोतिराज शर्माले बताए। सरकारले बाँदर लगायत वन्यजन्तु नियन्त्रणका लागि प्रभावकारी कार्यक्रम ल्याउन सकिरहेको छैन। बाँदर नियन्त्रण भएमा जमिन बाँझो हुने समस्या घट्ने, गाउँमै रोजगारी सृजना हुने र किसानको आयमा वृद्धि हुने स्थानीयवासी बताउँछन्। बाँदरले दुःख दिएपछि अघिल्लो आर्थिक वर्षमा सन्धिखर्क नगरपालिकाले बाँदर नियन्त्रणका लागि नगरसभाबाट बजेट विनियोजन गरी हेरालु समेत खटाएको थियो। तरपनि उक्त योजना समेत सफल हुन सकेन।

# फोक्सुण्डो पदमार्गका होटल तथा पसलमा अनुगमन, म्याद गुज्रेका सामान बरामद



**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, २७ असार

हिमाली जिल्ला डोल्पाको फोक्सुण्डो पदमार्गमा सञ्चालित होटल तथा पसलहरुको अनुगमन गरिएको छ। जिल्ला प्रशासन कार्यालय डोल्पाका सहायक प्रमुख जिल्ला अधिकारी दामोदर ज्ञवालीको नेतृत्व र उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय डोल्पाको आयोजनामा फोक्सुण्डो पदमार्ग ३८ किलोमिटरभित्र पर्ने कागनीदेखि रिग्मो गाउँसम्म सञ्चालित होटल तथा पसल व्यवसायहरुको अनुगमन गरिएको हो।

पछिल्लो समय फोक्सुण्डो तालसम्म घुम्न आएका आन्तरिक तथा बाह्य पर्यटकले पदमार्गमा सञ्चालित होटल तथा व्यवसायहरुले म्याद गुज्रेका सामान बिक्री वितरण र मनपरी शुल्क उठाएको गुनासो गरेपछि अनुगमन गरिएको उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय डोल्पाका निमित्त प्रमुख सत्यबहादुर भण्डारीले जानकारी दिए।

अनुगमनको क्रममा पदमार्गमा सञ्चालित पसल तथा होटलहरुबाट म्याद गुज्रेका करिब २७ हजार २ सय ५० रुपैयाँ मूल्यबराबरको समान बरामद गरिएको छ। बरामद गरिएका २ दर्जनभन्दा बढी सामग्रीहरू अस्थायी प्रहरी चौकी रीग्मोमा जलाएर नष्ट गरिएको छ। बरामद गरिएका चाउचाउ, बिस्कुट, पेय पदार्थअन्तर्गत फ्रुटी, कोकोकोला, फ्यान्टा, धुलो खुर्सानी, मसलालगायत दुई दर्जन बढी सामग्रीहरु जलाएर नष्ट गरिएको हो।

अनुगमनका क्रममा पदमार्गमा सञ्चालित पसल तथा होटलहरुबाट आफूहरुले सोचेभन्दा म्याद गुज्रेका कम सामान बरामद भएको सहायक प्रजिअ ज्ञावलीले बताए। होटल तथा पसलहरुलाई मूल्यसहितको दर रेट राख्न र सम्बन्धित पालिका र उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयमा दर्ता नगराइ सञ्चालित व्यवसायहरुलाई साउन महिनाको पहिलो साताभित्र दर्ता तथा नवीकरण गर्न सुझाव दिइएको उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयका प्रमुख भण्डारीले बताए।

अनुगमनमा सहायक प्रजिअ ज्ञवाली, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयका प्रमुख भण्डारी, जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रतिनिधि, राष्ट्रिय अनुसन्धान विभाग डोल्पा शाखाका प्रमुख मेघराज कँडेल, पत्रकार महासंघ डोल्पा शाखाका प्रतिनिधि, कार्यालयका कर्मचारी, अस्थायी प्रहरी पोष्ट रिग्मोका प्रहरी तथा स्थानीयहरुको सहभागिता रहेको थियो।

# पानाखोलाबाट बँदेलको आलो मासु बरामद



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २७ असार

रुकुम पश्चिमको मुसिकोट नगरपालिका वडा नम्बर ६ को पानाखोलाबाट जंगली बँदेलको अखेटोपहार अंग बरामद भएको छ।

डिभिजन वन कार्यालय रुकुम पश्चिमका कार्यालय प्रमुख शेरबहादुर परियारका अनुसार मंगलबार पानाखोला सामुदायिक वन क्षेत्रमा अवैधरुपमा शिकार भएको जंगली बँदेलको आलो मासु बरामद गरिएको हो।

जंगली जनावरको शिकार भइरहेको भन्ने सूचनाको आधारमा डिभिजन वन कार्यालयबाट खटिएको टोलीले घटनास्थलबाट जंगली बँदेलको मासु बरामद गरेको कार्यालय प्रमुख परियारको भनाइ छ।

घटनामा संलग्न व्यक्तिको पहिचान भएको र अनुसन्धान कार्य शुरु गरिएको उनको भनाइ छ। अवैधरुपमा जंगली बँदेल शिकार गर्नेविरुद्ध वन ऐन, २०७६ अनुसार कारबाही अगाडि बढाइने उनले जानकारी दिए।

# कालीकोट पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २७ असार



कालीकोट जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ। 'स्थानीय स्रोतको उपभोक्त स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चितता हाम्रो प्रतिबद्धता' भन्ने मूल नाराका साथ जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको हो।

कालीकोटका ९ वटै स्थानीय तहमा खोप लगाउने उमेर समूहका सबै बालबालिकालाई खोप लगाइसकेपछि बिहीबार एक कार्यक्रमका बीच जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषण गरिएको हो।

जिल्ला खोप समन्वय समितिका संयोजक तथा जिल्ला समन्वय समितिका प्रमुख धनजित शाहीको सभाध्यक्षतामा सञ्चालन गरिएको कार्यक्रममा जिल्ला समन्वय समितिकी उपप्रमुख मिना रावत, प्रमुख जिल्ला अधिकारी गणेश बहादुर नेपाली, प्रहरी प्रमुख अर्जुन केसी, डाक्टर संकेत विश्वकर्मा, महावै गाउँपालिकाका अध्यक्ष खेमबहादुर सिंह (भिजन), पचालझरना गाउँपालिकाका अध्यक्ष देवराज शाही (अग्नी,) शुभकालीका गाउँपालिकाका अध्यक्ष गोविन्दप्रसाद आचार्य, जिल्लाका राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, स्थानीय तहका स्वास्थ्य शाखा संयोजक, सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा जनस्वास्थ्य अधिकृत कटक महतले आर्थिक वर्ष २०८०/८१ मा जिल्लाका ९ वटै स्थानीय तहमा छुटेका बालबालिकाहरुलाई पुनः खोप अभियान सञ्चालन गरी जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको बताए। साथै जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गर्न महत्वपूर्ण भूमिका खेलेको भन्दै पचालझरना गाउँपालिका र खाँडाचक्र नगरपालिका स्वास्थ्य शाखालाई सम्मानसमेत गरिएको थियो।

# चट्याङ लागेर एक महिलाको मृत्यु

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २७ असार

रौतहटमा चट्याङ लागेर एक महिलाको मृत्यु भएको छ। बिहीबार परेको चट्याङ लागेर मौलापुर नगरपालिका-८ की एक महिलाको मृत्यु भएको हो।

मौलापुर नगरपालिका-८ सोनरनिया खेतमा धान रोपाइँ गर्ने गएकी अन्दाजी ५५ वर्षीया धरोहरी देवी बैठाको चट्याङ लागेर घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटकी सूचना अधिकारी एवम् प्रवक्ता प्रहरी नायव उपरीक्षक एलिजा गिरीले जानकारी दिइन्।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०७३/०५/२३ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **१५५३८१** को **एभरेष्ट लोटस कन्सल्टेन्सी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२७ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०७७/१०/०७ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **२५३२०२** को **कोकीई स्पा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२७ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



मध्यान्ह
www.madhyanhadaily.com
२८ असार २०८१, शुक्रबार
12 July 2024, Friday

## सम्पादकीय

# एमालेको गैरजिम्मेवार शैली

नयाँ सरकारको नेतृत्व गर्न लागेको नेकपा एमालेका नेता–कार्यकर्तामा ठूलै उत्साह देखिन्छ । प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल नेपाली कांग्रेसकै समर्थनमा पार्टी अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बन्न लागेकाले उत्साह स्वभाविक देखिन्छ । अझ साना दलहरू जनता समाजवादी पार्टी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्तिले समेत समर्थन गर्ने भएकाले ओलीको नेतृत्वमा बलियो सरकार बन्दैछ । तसर्थ एमाले पंक्तिको उत्साह स्वभाविक हो । अरू दलहरू भन्दा व्यवस्थित र बलियो संगठन रहेको पार्टीमा उत्साह आउनुले समाजमा ठूलै अर्थ राख्छ । अझ कांग्रेसकै समर्थन भनेपछि मुलुकको विशाल पंक्तिको समर्थन यो सरकारले पाउँदैछ । तर तिनै बलियो संगठनात्मक शक्तिलाई एमालेले नयाँ सरकारको समर्थनमा भन्दा पनि ओलीलाई आलोचना गर्नेहरूविरूद्ध परिचालन गरेको देखिन्छ ।

पार्टी नेतृत्वको आलोचना गर्नेविरूद्ध खनिनु एमाले पंक्तिको परिचय नै बनिसकेको छ । अहिले एमालेको ठूलो पंक्ति राजधानी शहर काठमाडौं महानगरका मेयर बालेन शाहविरूद्ध खनिएको देखिन्छ । किनकि मेयर बालेनले एमाले अध्यक्ष ओलीको आलोचना गरिरहेका छन् । हरेकजसो समस्यालाई बालेनले ओलीको कमजोरीसँग तुलना गर्दै सामाजिक सञ्जालमा पोष्ट गर्छन् । विशेषगरी गिरीबन्धु जग्गासँग जोडेर ओलीको आलोचना बालेनको नियमित क्रियाजस्तो बनिरहेको छ । एउटा महानगरका मेयरले गरिरहेको यस्तो कार्यले उनीमाथि समेत प्रश्न उठ्न सक्छ । किनकि उनी मेयर हुन्, मुलुकको प्रधानमन्त्री अथवा कुनै दलको नेता होइनन् । यद्यपि मुलुकको राजनीतिक विषयमा चासो राख्ने अधिकार संविधानतः हरेक नागरिकलाई छ । तसर्थ राजनीतिक विषयमा चासो राख्नु बालेनको पनि स्वभाविक हक हो । तर विगतका घटनाक्रम हेर्दा उनी एमाले नेतृत्वविरूद्ध खनिएको प्रष्ट हुन्छ ।

तर एमालेले पनि एउटा पंक्ति नै बालेनविरूद्ध परिचालित गरेको लुक्दैन । यसरी एउटा जिम्मेवार दलले एउटा मेयरलाई कमजोर पार्ने खेलमा अल्मलिन राम्रो होइन । अझ एमाले भनेको मुलुकको भावी नेतृत्वकर्ता दल समेत हो । राजनीतिक संस्कृति कस्तो निर्माण गर्ने, नेतृत्वको निर्माण कसरी गर्ने र मुलुकको लोकतान्त्रिक अभ्यास कसरी सञ्चालन गर्ने भन्ने मानक निर्माण गर्ने दायित्व एमालेको काँधमा छ । तर त्यस्तो जिम्मेवार दलले एउटा गैरदलीय मेयरविरूद्ध लाग्नु राम्रो होइन । बरू बालेन सहित सबै स्थानीय तहका प्रमुखहरूसँग राम्रो समन्वय निर्माण गर्नु आवश्यक छ । सातै प्रदेशका सरकारहरूसँग साझेदारी गर्नुपर्छ । अतः नेतृत्वको आलोचना गरे भन्दैमा बालेनविरूद्ध खनिनु राम्रो होइन ।

# नेपाली फुटबलको चित्र

*खेलमा हारजित त हुन्छ नै, तर नेपालले जित्नका लागि भन्दा पनि लज्जास्पद हार नहोस् भन्ने अपेक्षा राख्छ ।*

अग्रलेख



● झलक शर्मा

विश्व फुटबल जगतमा यति बेला युरोकप २०२४ र कोपा अमेरिका २०२४ चर्चाको विषय रहेका छन् । सो प्रतियोगिताहरू अन्तिम चरणमा पुगेका छन् । युरोकपमा डिफेन्डिङ च्याम्पियन इटाली अन्तिम १६ बाट नै बाहिरिएको छ भने कोपा अमेरिकामा डिफेन्डिङ च्यापिएन अर्जेन्टिना भने ट्रफि जित्न संघर्षरत छ । दुवै प्रतियोगिताले नेपाली फुटबल समर्थकहरूको ध्यान केन्द्रित गराएको छ । अहिले छुट्टा छुट्टै महादेशमा चलिरहेको प्रतियोगिता भएता पनि विश्वकपमा नेपालको सहभागिता कहिले हुन्छ भन्ने कुरा समर्थकमा खुलदुली हुन सक्छ । यति बेला नेपाली फुटबल ओरालो लागेको छ । विश्वकप त के नेपालले सार्क मुलुकमा हुने साफ च्याम्पियनसिपमा पनि प्रभावकारी प्रदर्शन गर्न सकेको छैन । विगतको साख जोगाउनमा नै नेपाली फुटबललाई हम्यहम्य भएको छ । नेपाली फुटबलको भन्दा छोटो इतिहास भएको नेपाली क्रिकेटले भने विश्वकपमा दुई पटक सहभागी भइसकेको छ । तर, नेपाली फुटबलले भने विश्वकपको सपना पनि देख्न सकेको छैन । मुस्किलले सहभागिता जनाएका खेलमा पनि खराब प्रदर्शन रहिरहेको छ । हारलाई आत्मसाथ गर्नु त खेलाडीको पूर्वानुमान नै भइसकेको छ ।

खेलमा हारजित त हुन्छ नै तर, नेपालले जित्नका लागि भन्दा पनि लज्जास्पद हार नहोस् भन्ने अपेक्षा राख्छ । यस सन्दर्भमा नेपाली फुटबललाई प्रश्न तेर्साउन सकिन्छ । नेपाली फुटबलले जित्नका लागि किन खेल्दैन, प्रतियोगिताहरूको सामना गर्न किन डराउँछ ? नेपाली फुटबल समर्थकले अपेक्षा गरेअनुरूप खेल र परिणाम किन पस्कन सक्दैन ? नेपाली फुटबलमा बेथितिको अन्त्य कहिले हुन्छ भन्ने प्रश्नको उत्तर नेपाली फुटबल समर्थकले खोजिरहेका छन् । नेपाली फुटबलको वास्तविक अवस्था समर्थकलाई थाहा नभएको भने होइन तर, समर्थकले चाहँदैमा परिवर्तन भने हुँदो रहेनछ । नेपाली फुटबलको वस्तुस्थितिबारे थुप्रै बहस र घनीभूत छलफल हुनु आवश्यक थियो तर, सामान्य टिका-टिप्पणी, छलफलसमेत हुन सकेको छैन । नेपाली फुटबलमा रहेका समस्या समाधान गर्न, गल्ती कमीकमजोरी सुधार गर्ने समयमा उल्टै फुटबलका गतिविधि रोक्ने र अस्तित्व निमिट्यान्न पार्ने जस्ता गलत अभ्यासले स्थान पाएको देखिन्छ । फुटबलको विकास र विस्तारमा छलाङ मार्ने योजना त सार्वजनिक हुनै सकेको छैन ।

नेपाली फुटबलको सर्वोच्च संस्था अखिल नेपाल फुटबल संघ भने फुटबलको दुरावस्था बारेमा कानमा तेल हालेर बसेको छ । यति बेला नेपाली फुटबलका गतिविधि प्रायः शून्य छ । मुलुककै शीर्ष लिग सहिद स्मारक ए डिभिजन लिग निरन्तर सञ्चालन गर्न नसक्नु अब नयाँ रोग भएन । विभिन्न बहानामा लिग सार्ने, रोक्ने परिपाटी रहेको छ । यो वर्ष पनि तयारी अपुगको कारण देखाउँदै लिग नगर्ने निर्णय एन्फाले गर्‍यो । २०८० सालमा सञ्चालन गर्नु पर्ने लिगलाई कटौती गरी २०८१ को पुष देखि जेठसम्म सञ्चालन गर्ने गरी क्यालेन्डर बनाएको छ । यसले नेपाली फुटबल समर्थकलाई दुखी र चिन्तित त बनायो नै खेलाडी पलायनको समस्यालाई त झन् मलजल नै गर्‍यो ।

केही आर्थिक रूपमा सक्षम खेलाडी अमेरिका, अस्ट्रेलिया, युरोपियन राष्ट्रहरू र कमजोर आर्थिक अवस्थाका खेलाडी भने खाडी मुलुक पुगेको तितो यथार्थ छ । नेपालमा नै खेलेर देशको नाम राख्छु भन्ने खेलाडी भने स्थानीय स्तरमा हुने गाउँपालिका कप, मेयरकप जस्ता साना प्रतियोगितामा भुल्नु परेको छ । त्यस्तै, अखिल नेपाल फुटबल संघका तत्कालीन कार्यबाहक अध्यक्ष स्व ललितकृष्ण श्रेष्ठको स्मृतिमा यु-१८ फुटबल प्रतियोगिता पनि यो वर्ष अन्यौलता छ । त्यसैको सेरोफेरोमा यही असार ३० गते देखि एन्फा यु-१८ युथ लिग सञ्चालनमा ल्याउने भएको छ । उक्त प्रतियोगितामा १२ टिमले सहभागिता जनाउने छन् । यस युथ लिगले कति युवा खेलाडीलाई आकर्षण गर्छ र फुटबलको स्तरमा बढवा दिन्छ भन्ने कुरा हेर्न बाँकी नै छ ।




*नेपालीको फुटबलको मुख्य समस्या एन्फाबाटै शुरू हुन्छ । एन्फालाई राजनीति गर्ने र आफ्नो स्वार्थपूर्ति गर्ने थलोको रूपमा निर्माण गर्दा समग्र नेपाली फुटबलको भविष्य अन्धकार बनेको छ । जबसम्म यसलाई सही बनाइँदै तबसम्म फुटबलबाट अपेक्षा गर्न सकिन्न ।*

तर, एउटा प्रतियोगिता कार्यान्वयनमा ल्याउँदा अर्को प्रतियोगिता भुल्ने परिपाटी एन्फाको छ । एन्फालाई राजनीति गर्ने र आफ्नो स्वार्थपूर्ति गर्ने थलोको रूपमा निर्माण गर्दा समग्र नेपाली फुटबलको भविष्य अन्धकार बनेको छ । एन्फाका नेतृत्वकर्ताहरू अनावश्यक विवाद सिर्जना गरेर अन्यौलता प्रदर्शन गरेको अनुभूत गराउँछ । नेतृत्वलाई साथ र समर्थन नगर्ने, खुट्टा तान्ने, आफूले मात्र जस लिन खोज्ने प्रवृत्ति नेपाली फुटबलमा छ । आन्तरिक समन्वयको अभावका कारण कतिपय निर्णयहरू बाजिने गरेका छन् । एन्फामा आन्तरिक लोकतन्त्रको अभाव छ । नेतृत्वकर्ताले जे भन्यो त्यही मान्नु पर्ने, उनीहरूको निर्णय उपर टीकाटिप्पणी, विरोध गर्न नपाइने र गुनासो सुन्न नसक्ने बानी नेतृत्वकर्तामा छ । पक्ष विपक्षको कित्ताकाट हुँदा समर्थक माझ नेपाली फुटबलले राम्रो सन्देश दिन सकेको छैन । केही वर्षअघि एन्फाले लिग तालिकाको उत्कृष्ट छ टिमलाई नेशनल लिग नामक प्रतियोगितामा सामेल गराउने योजना सार्वजनिक गर्‍यो । त्यति बेला कोरोना महामारीका कारण नेशनल लिग हुन सकेन । पुन फुटबल क्रियाशील हुँदा भने उक्त नेशनल लिगको योजना नै एन्फाले बिर्सियो ।

सन् २०१८ देखि एन्फाले ग्रास रुट कार्यक्रमलाई अघि सारेको छ । ६ वर्षदेखि १२ वर्ष सम्मका बालबच्चालाई फुटबलमा सामेल गराउने, उनीहरूलाई सीप र गुणस्तर वृद्धिका लागी तालिम दिने, प्राविधिक क्षमता अभिवृद्धि गराउने लक्ष्य ग्रास रुट कार्यक्रमको रहेको छ । जुन यस कार्यक्रम ४५ जिल्लामा लागु गरिएको छ । लागु गरिएका जिल्लाका बालबच्चा तथा अभिभावकहरूले ग्रास रुटको बारेमा जानकारी पाएका छन् वा छैनन् भन्ने विषयप्रति एन्फाले अनुगमन तथा मूल्याङ्कन गर्नु आवश्यक छ ।

व्यावसायिक फुटबल भित्र्याउने हेतुले फ्रेन्चाइज लिग नेपाल सुपर लिग मुस्किलले दुई पटक मात्र सम्पन्न भएको छ । नेपाल सुपर लिग र सहिद स्मारक ए डिभिजन लिगका केही क्लब विच विवाद उत्पन्न हुँदा केही वर्ष यस लिगले पनि निरन्तरता पाउन सकेन । अन्यौलता र घाटा सहेर पनि नेपाल सुपर लिग भने सञ्चालन भयो तर, यसमा एन्फाले उपयुक्त तवरबाट मध्यस्थताको भूमिका निर्वाह गर्न सकेन । तत्कालीन नेपाली फुटबलका प्रशिक्षक अब्दुल्लाह अल्मुताइरी र एन्फा पदाधिकारी बिचको विवाद सामाजिक सञ्जालमा छताछुल्ल भयो । प्रशिक्षक अल्मुताइरीले खेलाडी छनौट देखि विविध विषयमा दबाब दिएको र स्वतन्त्र ढंगबाट काम गर्न नदिएको आरोप लगाएका थिए । प्रशिक्षक र एन्फा पदाधिकारीबिच विवाद चुलिदै गएपछि अनुशासन कमिटी पनि बन्यो । उक्त अनुशासन कमिटिको प्रतिवेदन निष्पक्ष भने आउन सकेन । अन्ततः प्रशिक्षक अल्मुताइरीले राजीनामा नै दिए । अल्मुताइरीको प्रशिक्षणमा नेपालले साफ च्याम्पियनसिपको फाइनलसम्मको ऐतिहासिक यात्रा पार गर्‍यो । त्यति बेला नेपालको खेल आक्रामक र आकर्षक थियो । खेलाडीमा जितको भोक स्पष्ट देख्न सकिन्थ्यो । तर विवाद र असमझदारीले गर्दा नेपाली फुटबलले धेरै कुराहरू गुमायो ।

विगतका कमीकमजोरीलाई मनन गर्दै सुधारात्मक कार्यहरू गरी फुटबललाई चलायमान बनाउन सक्नुपर्छ । आन्तरिक लोकतन्त्रलाई सबलीकरण गरी सबै सदस्यहरूको विचारलाई एकीकृत गर्दै समस्या समाधान गर्नुपर्छ । खेलाडीको सीप क्षमता अभिवृद्धि गर्न प्रशस्त तालिम दिलाउन सक्नुपर्छ । खेलाडीको वृत्ति विकास, सामाजिक सुरक्षा, औषधि उपचार, उपदान जस्ता उत्प्रेरित कार्यक्रमहरू अविलम्ब लागु गर्नुपर्छ । रङ्गशालाको निर्माण तथा मर्मत सम्भार, प्रशिक्षण स्थलको व्यवस्थालगायत अन्य भौतिक संरचनाको निर्माण गरी खेलका लागी उपयुक्त वातावरण निर्माण गर्नुपर्छ । सबै जिल्लामा ग्रास रुट कार्यक्रम विस्तार गरी अब्बल खेलाडी उत्पादनमा ध्यान दिन जरुरी छ ।

एन्फालाई भ्रष्टाचारमुक्त संस्थाको रूपमा उभ्याउँदै फुटबलमैत्री संस्थाको रूपमा स्थापित गराउनु पर्छ । खेलाडी पलायनको समस्या समाधानका गर्न उपयुक्त योजना तथा कार्यक्रम तर्जुमा गर्न सक्नुपर्छ । राष्ट्रिय तथा स्थानीय स्तरका प्रतियोगिताहरूको निरन्तर सञ्चालन गरी खेलाडीलाई खेलप्रति लगाव बढाउनु बढी बुद्धिमत्ता हुन्छ । खेलाडी छनौटलाई पारदर्शी बनाउँदै खेलको गुणस्तरमा ध्यान केन्द्रित गर्न सक्नुपर्छ । कुनै पनि खेल राष्ट्रका चिनारी हुन्छन् । यसले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरी आपसी भाइचारा कायम गर्न मद्दत पुर्‍याउँछ । खेलकुद क्षेत्रबाट पनि मुलुकलाई समृद्धिको बाटोमा लम्काउन सकिन्छ । तसर्थ, नेपाली फुटबलको गुणस्तर र गरिमा बढाउन फुटबलका सरोकारवालाहरू गम्भीर र संवेदनशील हुनु आवश्यक छ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

मुसा पार्टीहरूले विश्वासको मत नदिने भन्दै बिना बित्था राजीनामा दिने र प्रेस विज्ञप्ति निकाल्ने दुःख चाहिँ किन गरेका होलान् ? दुनियाँलाई आफै थाहा छ त- यी जता खान पाइन्छ, त्यतै कुद्ने हुन र प्रचण्डसँग तिनलाई दिन अब केही बाँकी छैन । तोडा तो शरम करो !



**- कृष्ण घिमिरे**

प्रचण्ड पतन र खड्गप्रसाद र देउवाको सत्ता प्रवेशमा न हर्ष न बिस्मात ! सबैको चेहरा एकै, यो त्योको बहस व्यर्थ । प्रचण्ड गठबन्धन निहित स्वार्थ केन्द्रित थियो । ओली-देउवा गठबन्धन झन् खतरनाक, अपारदर्शी र संस्थागत भ्रष्टाचार प्रकरणको ढाकछोप । यिनका दल पनि निरीह अपारदर्शी सम्झौताको अन्ध अनुमोदन ।



**- मुमाराम खनाल**

दलमा अनुशासन चाहिन्छ । रास्वपामा आवश्यकताभन्दा धेरै समस्याहरू छन् भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । तर, उक्त दलका महामन्त्री धेरै हतारमा देखिए । रास्वपाको समस्या एक जना महामन्त्री मात्र हतारोमा थिए भन्ने होइन, पुरै दल र बाँकी नेताहरू झन् धेरै हतारोमा छन् भन्ने समस्या मुख्य हो ।



**- भीम रावल**

ऊर्जाशील नेपाली जनशक्ति विदेश पठाउन होडबाजी गर्ने प्रधानमन्त्री हुनेहरूको नीतिले गर्दा अहिले खेत रोप्नेलगायतका खेतीपाती गर्न मानिसको अभाव भएको छ । जनशक्ति निर्यात गर्ने, देशमा उर्वर भूमि बाँझो राख्ने र विदेशबाट खाद्यान्न किनेर खाने नीति नेपालको संविधान, देश र जनताको हित विपरीत छ ।

# संस्कृति र उत्पादन सम्बन्ध

धर्म-संस्कृति



● रत्न प्रसाद अनामणी

*अब बिस्तारै माटाका भाँडाहरू नपाइने भयो र यो चलन पनि दिनप्रति दिन लोप हुँदै गइरहेको महसुस हुन थालेको छ । भनिन्छ नेवार समुदायमा जन्मदेखि मृत्युसम्म छ हजार चार सय थरिका माटाका भाँडाहरू बनाइन्छ रे ! अब बिस्तारै माटाका भाँडाकुँडाहरू लोप हुँदै गइरहेका छन् ।*

स्वस्थानी कथा वाचन सुरु गर्ने पूर्णिमा स्वस्थानी पूर्णिमाको रूपमा पनि परिचित छ । नेवारी समुदायमा यस पूर्णिमालाई छ्याला पुन्ही भनिन्छ । कसै कसैले मिला पुन्हीको रूपमा पनि मान्दै आएका छन् । वास्तवमा प्रत्येक हिन्दु धर्मावलम्बीहरूले त्यस दिनदेखि घरघरमा स्वस्थानी कथा वाचन सुरु गर्छन् । यस दिन नाला, बनेपा, पनौती, साँगा, श्री खण्डपुरलगायत काभ्रेका नेवारी बस्तीहरूमा आ-आफ्नो घरको नजिकैको दोबाटोहरूमा माटोका भाँडाहरू फुटाउने चलन रहेको छ । माटोको फुटाउने भएकै कारणले यस दिनलाई छ्याला पूर्णिमाको दिन भनिएको हो ।

माटोको भाँडाकुँडाहरू जम्मा पारी फुटाउने चलन लिच्छविकालदेखि नै चलिआएको मानिन्छ । वास्तवमा माटोको भाँडाकुँडाहरूको प्रचलन मानव सभ्यतासँगै विकसित हुँदै आएको हो । अरू कुनै पनि भाँडाकुँडा विकसित नभएको बेलादेखि नै मानवको आफ्नो सीपले विभिन्न प्रकारका माटाका भाँडाकुँडालगायत आफू बस्ने घर निर्माणको लागि इट्टा, घर छाउनको झिगटीलगायत थुप्रै वस्तुहरू एकपछि अर्को विकास गर्दै आएको देखिन्छ । मानव विकाससँगै हुर्किएका माटाका भाँडाकुँडाको चलन चल्दै आएको छ ।

स्वस्थानी पूर्णिमाको दिन भक्तपुरको चाँगुनारायणबाट कलश जात्रा सुरु गरिन्छ । उक्त जात्रामा तीन वटा कलशलाई तीन जनाले बोकी काठमाडौँको जमलमा ल्याउने गरिन्छ । ती तीन वटा कलशलाई चाँगुनारायण, लक्ष्मी र सरस्वतीको प्रतीकको रूपमा लिने गरेको पाइन्छ । जब जमलमा ती कलशहरू ल्याई पुर्‍याइन्छ । त्यस बेला त्यहाँ सरकारी पूजा गरी राजखडग, शार्दुलजंग पल्टन, नेवार पुरोहित राजोपाध्यायहरूका साथ कमला छि, असन, इन्द्रचोक, मखन हुँदै हनुमान ढोका पुर्‍याइन्छ ।

हनुमान ढोका क्षेत्रमा रहेको महादेव मन्दिर अगाडी टोलका नेवार समुदायहरूले जम्मा गरी राखेको माटाका भाँडाहरू फुटाउने कार्य गर्दछन् । यो किन गरिन्छ भन्दा तीन कलश चाँगुनारायणबाट ल्याएका थिए । तिनीहरूलाई अपसगुन गर्नको लागी माटोका भाडा फुटाइन्छ । यसो गर्दा चाँगुनारायणबाट ल्याएका कलशहरू अपसगुनको बेला फर्किएर जाँदैनन् भन्ने जनविश्वास रहेको छ । यहीं जनविश्वासले गर्दा यी माटाको भाडाहरू फुटाउँदै आएका छन् । त्यसपछि ती कलशहरू तलेजु भवानी मन्दिरमा पुर्‍याइन्छ, त्यहाँ पुगेपछि भव्य स्वागत गर्दै पूजा गरिन्छ ।

लिच्छविकालदेखि चल्दै आएको यो परम्परा भक्तपुर, थिमि, कोटेश्वर, भोटाहिटी, आसन, इन्द्रचोक, केलटोल र मखनमा मात्र सीमित नभै काभ्रेका नेवार बस्तीहरूमा पनि व्यापक छन् । काभ्रेमा चाहिँ किम्बदन्ती अलिकति फरक छ । छ्याला पूर्णिमाको दिन अदृश्य रूपमा काभ्रेका नेवार बस्तीहरूमा चाँगुनारायणबाट, चाँगुनारायण, लक्ष्मी र सरस्वती घुम्न आउँछन् भन्ने जनविश्वास रहेको छ । त्यस बेला अपसगुन गरे फर्केर जाँदैनन् र सधैँको लागि उतै (काभ्रेमै) बस्छन् भन्ने जनविश्वास रहेकोले हरेक वर्ष स्वस्थानी पूर्णिमाको दिन माटाका भाँडाकुँडा आ-आफ्नो घरको नजिकको दोबाटोमा फुटाउँदै आईरहेका छन् । नयाँ भाँडाकुँडाहरू दसैं नजिक अन्न प्रशस्त घरमा भएको बेलामा भक्तपुर ठिमीका भाँडा व्यापारीहरूसँग अन्न साटेर लिने गर्छन् नालामा ।

अब बिस्तारै माटाका भाँडाहरू नपाइने भयो र यो चलन पनि दिनप्रति दिन लोप हुँदै गइरहेको महसुस हुन थालेको छ । भनिन्छ नेवार समुदायमा जन्मदेखि मृत्युसम्म छ हजार चार सय थरिका माटाका भाँडाहरू बनाइन्छ रे ! अब बिस्तारै माटाका भाँडाकुँडाहरू लोप हुँदै गइरहेका छन् । व्यवसाय र संस्कृतिलाई सँगसँगै प्रवर्द्धन गर्नुको अहिलेको आवश्यकता हो ।

